आज मिति २०८२/०१/१२ गते शुक्रबारका दिन यस रतुवामाई नगरपालिका, सिजुवा, मोरङ्गका नगर प्रमुख श्री नागेश्वर प्रसाद सिंह गन्गाईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल अनुसारको उपस्थितिमा बसी देहायको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

| क्र.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नागेश्वर प्रसाद सिंह गन्गाई | नगर प्रमुख | |
| २. | श्री दमयन्ता देवी चुडाल | नगर उप-प्रमुख | |
| ३. | श्री घनश्याम गिरी | १ नं. वडाध्यक्ष | |
| ४. | श्री जिमारत मियाँ | २ नं. वडाध्यक्ष | |
| ५. | श्री देवी लाल ताजपुरिया | ३ नं. वडाध्यक्ष | |
| ६. | श्री महावीर प्रसाद गन्गाई | ४ नं. वडाध्यक्ष | |
| ७. | श्री सोमनाथ कार्की | ५ नं. वडाध्यक्ष | |
| ८. | श्री टेक बहादुर लिम्बु | का.वा.वडाध्यक्ष-६ | |
| ९. | श्री राम कार्की | ७ नं. वडाध्यक्ष | |
| १०. | श्री पुष्प बहादुर कार्की | ८ नं. वडाध्यक्ष | |
| ११. | श्री इन्द्र बहादुर लिम्बु | [illegible] नं. वडाध्यक्ष | |
| १२. | श्री भुल बहादुर कार्की | १० नं. वडाध्यक्ष | |
| १३. | श्री कल्याणी कुमारी ताजपुरिया | कार्यपालिका सदस्य | |
| १४. | श्री केचकनिया हरिजन | कार्यपालिका सदस्य | |
| १५. | श्री गीता कुमारी लिम्बु | कार्यपालिका सदस्य | |
| १६. | श्री गोमा हस्दा सतार | कार्यपालिका सदस्य | |
| १७. | श्री ज्योती परियार | कार्यपालिका सदस्य | |
| १८. | श्री प्रेम बहादुर राई | कार्यपालिका सदस्य | |
| १९. | श्री लुखीराम हस्दा | कार्यपालिका सदस्य | |
| २०. | श्री हरि बहादुर राई | कार्यपालिका सदस्य | |
| २१. | श्री डम्मरु बल्लभ बराल | सचिव (प्र.प्र.अ.) | |

प्रस्ताव तथा निर्णयहरु:-

१.नदीको मार्ग परिवर्तन (च्यानलाईजेसन) सम्बन्धमा।

प्रस्ताव नं.१ माथि छलफल गर्दा रतुवामाई नगरपालिकाको पूर्वी सिमाना भएर बग्ने रतुवा खोलामा नदीको बहाव क्षेत्र उकास भई जल प्रवाह क्षेत्र र बस्ती क्षेत्र बराबर भई नदी किनारको क्षेत्र विशेषगरी रतुवामाई-३ स्थितको मिर्चाडाँगी टोल र साविक महादेवा-५ (डोक्रा टोल) उच्च जोखिममा रहेको छ । उक्त क्षेत्रमा आई.ई.ई. समेत नभएकोले ठेक्का बन्दोबस्त समेत नभएको र उक्त स्थानमा भरौट तथा बालुवा वर्षौं देखि संकलित भएकोले वर्षायाममा हुन सक्ने मानव बस्ती, भौतिक पूर्वाधार संरचना र खेतियोग्य जमिन कटानको संभावित जोखिमलाई न्यूनीकरण गर्न स्थानीयबासी, सशस्त्र प्रहरी बल नेपाल (BOP) र अन्य सरोकारवालाहरु संग समन्वय गर्दा नदीको बीच भाग मा आवश्यकता अनुसार च्यानलाईजेसन गरि करिब ५० मिटर चौडाई र आवश्यकता अनुसार उत्तर दक्षिणको लम्बाईमा पर्ने मिर्चाडाँगी टोल क्षेत्र र डोक्रा टोल आसपास मानव बस्ती बसेको क्षेत्रमा बाढी र नदी कटानको प्रकोप नियन्त्रण गर्न नदीजन्य पदार्थ उत्खनन् गरी च्यानलाईज गरि त्यँहा भएका बालुवा तथा भरौटजन्य पदार्थ विक्री बितरण नगरी नदीको दुवै तर्फ थुपारी ड्याम्प/बाँध निर्माण नगरपालिकाले प्रचलित जिल्ला दररेटका आधारमा थप मेशिन प्रयोग गरी च्यानलाइज गर्ने र सोको जानकारी जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने निर्णय सर्वसम्मतिले पारित गरियो।

२.स्वास्थ्य विमा कार्यक्रम सम्बन्धमा।

प्रस्ताव नं.२ माथि छलफल गर्दा विपन्न नागरिकको स्वास्थ्य विमा कार्यक्रममा आ.व २०८१/८२ को वार्षिक बजेटमा विनियोजन भएको जम्मा रु.३०,००,०००।-(अक्षरेपि तिस लाख मात्र) रकमवाट नगर अस्पतालमा प्रवाह हुने स्वास्थ्य सेवा विस्तार गर्न अस्पतालको शुद्धीकरण, उपकरण खरिद तथा कार्यालयको प्रशासनिक खर्च व्यवस्थापन गर्न रकमान्तर गर्ने र आगामी नगरसभावाट उक्त कार्यक्रम तथा खर्चलाई अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो।



Scanned with CamScanner

विविधः

१.पूर्ण खोप सुनिश्चितता सम्बन्धमा।

प्रस्ताव माथि छलफल गर्दा पूर्ण खोप सुनिश्चितता सम्बन्धी प्रस्ताव माथी छलफल हुँदा राष्ट्रिय खोप कार्यक्रम, पुर्ण खोप सुनिश्चितता निर्देशिका २०७१ (संशोधन २०७९ समेत) र यस "रतुवामाई नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता एवं दिगोपना कायम राख्ने " नगरपालिकाको स्वास्थ्य नीति बमोजिम यस आ.व.२०८१/०८२ मा पनि सो कार्यको लागि वडास्तरमा पूर्ण खोप सुनिश्चितताको लागि गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरु (खोप समन्वय समितिको बैठक, पूर्ण खोप योजना, स्वास्थ्यकर्मी द्वारा घरधुरी सर्वेक्षण, तथ्यांक विश्लेषण एवं खोप छुट बालबालिकालाई अनुगमन र खोजी गरी खोप लगाइएको, आदी) पुरा भइसकेको र वडाहरुबाट निर्देशिकाको अनुसूची-७ बमोजिम पूर्ण खोप वडा घोषणाका लागि सिफारिस समेत प्राप्त भएको हुदाँ नगरपालिकाको स्वास्थ्य शाखाले १६ महिना देखि ५ बर्ष सम्मका बालबालिकाहरु भएको कम्तिमा ६० घरधुरी प्रति वडा भेरिफिकेशन कार्य यस नगरपालिकाको वडा नम्बर १, ४ र ८ मा गर्ने र सोको आधारमा वडा खोप समन्वय समितिलाई पूर्ण खोप वडा घोषणाक लगि अनुमती प्रदान गर्ने साथै नगरपालिका खोप समन्वय समितिले निर्देशिकाको अनुसूची-७ बमोजिम पूर्ण खोप नगरपालिका घोषणाक लागि जिल्ला खोप समन्वय समिति, मोरङलाई सिफारिस गरी पठाउने निर्णय सर्व समितिले पारित गरियो।

२.खोप कार्ड अनिवार्य गर्ने सम्बन्धमा।

प्रस्ताव माथि छलफल गर्दा खोप कार्ड अनिवार्य गर्ने प्रस्ताव माथि छलफल हुँदा रतुवामाई नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगर दिगोपनाको लागि र खोप ऐन २०७२ मा भएको खोपको अधिकार सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्नका लागि यस नगरपालिकाको सामुदायिक एवं संस्थागत सम्पूर्ण विद्यालयहरुले बिद्यालय भर्नाको समयमा बालबालिकाहरुले खोप पुरा गरे नगरेको यकीन गर्न र छुट भएको पाइएमा छुट खोपको मात्रा पूरा गराउने हेतुले यसै शैक्षिक सत्र देखि लागु हुने गरी भर्नाको लागि खोप कार्ड अनिवार्य गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । कुनै बालबालिकाले खोप नलगाएको पाइएमा विद्यालय भर्नामा बन्देज नगर्ने तर सम्बन्धित विद्यालयले उक्त बालबालिकालाई वडाको स्वास्थ्य संस्थामा सम्पर्क गर्न लगाई खोप पुरा गर्न सहयोग गर्ने कार्यमा सहयोगी भूमिका खेल्नुपर्ने निर्णय सर्वसम्मतिले पारित गरियो र यसका लागि नगर कार्यपालिकाको कार्यालय, शिक्षा शाखाले सम्पूर्ण विद्यालयहरुलाई परिपत्र गरी जानकारी गराउने निर्णय गरियो।

Scanned with CamScanner